नियम संख्या : १०

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/११/११

# कैलारी गाउँपालिका

# गाउँ कार्य पालिकाको कार्यालय

## हसुलिया, कैलाली

प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन, - २०७४

# <u>कैलारी गाउँपालिकाको प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन, - २०७४</u>

**२०७४ सालको ऐन नं. ...........**

**<u>प्रस्तावना :</u>** नेपालको संविानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमिति गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चान एने, २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम कैलारी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम "कैलारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन कैलारी गाउँपालिका क्षेत्रभित्र गाउँ सभाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले कैलारी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले कैलारी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले कैलारी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले नगरपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य

जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कैलारी गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा(१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही कैलारी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।